# छिमेकी देशहरुसँग स्नेह सम्बन्ध




विश्व विपश्यनाचार्य सत्यनारायण गोयन्का

अनुवादक:
ताराबहादुर बस्नेत

Downloaded from http://dhamma.digital/

# छिमेकी देशहरूसँग स्नेह सम्बन्ध



विश्व विपश्यनाचार्य सत्यनारायण गोयन्का

अनुवादक:

तारबहादुर बस्नेत

Downloaded from http://dhamma.digital/

*प्रकाशक :*

**भिक्षु यसोधम्मो**

**बहिनी सानुमाया उपासिका**

**कुटी विहार, कामपा-३५**

**कोटेश्वर, काठमाडौं**

**प्रथम संस्करण : ५०० प्रति**

**बुद्ध सम्वत् : २५५०**

**नेपाल सम्वत् : ११२६**

**विक्रम सम्वत् : २०६३**

**इस्वी सम्वत् : २००६**

Dhamma.Digital

*पुस्तक उपलब्ध हुने स्थान :*

**कुटी विहार, कोटेश्वर**

**विश्व शान्ति विहार, मीनभवन**

**फोन : ४४८२९८४**

मुद्रक : **न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९

*व्यापारिक कार्यालय:* शुक्रपथ, काठमाडौं, नेपाल। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://dhamma.digital/

# सब्बदानं धम्मदानं जिनाति

सबै प्रकारको दान मध्ये उत्तम दान नै धर्मदान हो भन्ने बुद्धवचनलाई मनन गरी हाम्रा अनन्त गुणमयी मातापिताको पुण्य स्मृतिमा यस सानो पुस्तक श्री ताराबहादुर बस्नेतज्यूले नेपाली भाषामा अनुवाद गरी लेख्नुभएको छिमेकी देशहरूसँग स्नेह सम्बन्ध पुस्तक प्रकाशित गरी धर्मदान गर्न गइरहेका छौं ।

यस धर्मदान गरेको पुण्यले अनन्त गुण भएका हाम्रा दिवंगत पूजनीय पिता सिद्धिलाल प्रजापति तथा माता हेरामाया प्रजापतिले चाँडै नै मोक्ष-निर्वाण साक्षात्कार गरी लिन सकून् भन्ने कामना गर्दछौं ।

वि.सं. २००४ सालमा चालीस वर्षको उमेरमा आषाढ शुक्ल पूर्णिमाका दिन यस संसारबाट विमुख हुनुभएका हाम्रा पिता तथा वि.सं. २०२४ सालमा बैसट्ठी वर्षको उमेरमा चैत्र शुक्ल परेवाका दिन सोही रूपमा विमुख हुनुभएकी हाम्रा ममतामयी माताको स्मरणमा यो दोस्रो भेट प्रस्तुत गर्न पाउनु आफ्नै लागि पनि एक विशिष्ट अवसरको रूपमा लिएका छौं। यस पुस्तकको महत्त्व तथा आनिशंसलाई पाठकवृन्दले हृदयांगमन गरी भावभक्ति तथा गौरवका साथ अध्ययन मनन गरेको खण्डमा सबैलाई कल्याण हुनेछ भन्ने आशा लिएका छौं ।

प्रकाशक

**पुत्र : यसोधम्मो**

**पुत्र : सानुमाया उपासिका**

कुटीविहार, का.म.पा. वडा नं. ३५ कोटेश्वर ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhammma.digital/

# छिमेकी देशहरूसँग स्नेह सम्बन्ध

**आचार्य सत्यनारायण गोयन्का**

बुद्धानुयायी छिमेकी देशहरूसँग सम्बन्ध सुधार्ने भूपेन्द्रकुमार मोदीको मन्तब्य मलाई एकदमै (धेरै) प्रिय लाग्छ, किनभने मैले स्वयं यस कुरालाई एक अति महत्त्वपूर्ण मुद्दा (विषय) मान्दै आएको छु। यसको लागि वर्षौंदेखि यथाशक्ति प्रयत्नशील पनि छु। तर यो उद्देश्य अत्यन्त आदर्श हुँदाहुँदै पनि यदि साधनमा दोष छ भने सम्बन्ध सुधारिने ठाउँमा बिगार्ने कारण बन्नसक्छ। यो कुरालाई ध्यानमा राख्नुपर्छ। त्यहाँका मानिसहरूमा आ-आफ्नो देश र धर्मप्रति गहिरो तादात्म्यको साथसाथै, प्यार, सम्मान र गौरवको भाव भरिपूर्ण छ, जुन कुरा सहज स्वाभाविक र हरेक दृष्टिकोणबाट उचित छ। यस स्वाभाविक स्वाभिमानका साथसाथै उनीहरूको संवेदनशीलता पनि उत्तिकै गहिरो छ। यसर्थ उनीहरूसंग ब्यवहार गर्दा सधैं सजग रहनुपर्दछ। हाम्रा कुनैपनि कार्यबाट उनीहरू साना र हामी आफूचाहिं ठूला भनेर सिद्धगरी उनीहरूमाथि आफ्नो प्रभुत्व स्थापित गर्न चाहन्छौं भन्ने किसिमको शंका उनीहरूको मनमा उठेमा यसको प्रतिक्रिया अत्यन्त नकारात्मक र वैमनश्यतापूर्ण हुनेछ, जुन स्वाभाविक पनि छ। यो प्रभुत्व प्रदर्शन चाहे राजनैतिक क्षेत्रमा होस् कि अथवा धार्मिक अथवा सांस्कृतिक क्षेत्रमा, क्षेत्रफल अथवा जनसंख्याको कारण उनीहरू भन्दा धेरै ठूलो देश हुँदाहुँदै पनि बुद्धिमानी यसैमा हुन्छ कि भारतले आफ्नो अहं त्यागेर अत्यन्त स्नेहशील भावनाले उनीहरूलाई समानताको दर्जा देओस्। कुनै पनि क्षेत्रमा उनीहरूलाई तल्लो दर्जाको देखाएर



Downloaded from http://dhamma.digital/

उनीहरूमाथि आफ्नो महानता थोपार्ने प्रयत्न अलिकति पनि नहोस् । मैले आजसम्मको आफ्नो आधाभन्दा बढी जीवनको समय अधिकांशत: बर्मामा र धेरैथोर यी छिमेकी देशहरूमा बिताएको छु। यसर्थ उनीहरूको यो मानसिकतासँग खूब परिचित छु । हिन्दू-बौद्ध एकताको वर्तमान कार्यशालाहरू जुन पृष्ठभूमिको आधारमा आयोजित गरिदैछन्, त्यसलाई नबदलिकन यी देशहरूसँग हाम्रो सम्बन्ध सुधिन्छ भन्ने आशा गर्नसकिंदैन ।

## बुद्धलाई बिष्णुको अवतार भन्नु-

यो कुरालाई लिएर केही वर्ष पहिले यी छिमेकी देशहरूमा तीब्र द्वेषात्मक प्रतिक्रिया भएको हाम्रो सामु छ । कुनै पनि बुद्धको अनुयायीले यो कुरालाई कसरी सहन गर्न सक्छ -

१) बुद्ध एउटा विष्णुको अवतार हुन् जो पृथ्वीमा बारबार जन्म लिन्छन् र बुद्धको रूपमा जन्म लिइसकेपछि पुन: कल्किको रूपमा मात्र होइन, जब जब धर्मको हानी हुन्छ तब तब त्यसको संस्थापनको लागि जन्म लिई नै रहन्छन् । उनीहरू कसरी सहन सक्छन् कि यो सबै ती गौतम सम्यक्सम्बुद्धको बारेमा भनिँदैछ । जस्ले भव-संसरणबाट मुक्त हुनका लागि आफ्नो अनेक जन्महरूमा विपुल पुरूषार्थद्वारा धार्मिक पुण्य पारमिताहरूलाई परिपूर्ण गरेका थिए । त्यसपछि शाक्य राजा शुद्धोदनको कुलमा बोधिसत्त्व सिद्धार्थ गौतमको रूपमा जन्मेर युवा भएपछि गृहत्याग गरेर परम सत्यको खोजमा निक्ले, अत्यन्त परिश्रम पराक्रमद्वारा उनले भारतको विलुप्त भइसकेको पुरानो सनातन विपश्यना विद्या खोजेर त्यसको प्रयोगद्वारा पुनर्जन्म गराउने आफ्ना सबै कर्म-संस्कारहरू र विकारहरूको पूर्णतया



Downloaded from http://dhamma.digital/

निष्कासन गरेर भव संसरणबाट उनी सर्वथा विमुक्त भए। मुक्त अवस्था प्राप्त गरेर उनले यो उल्लासपूर्ण घोषणा गरे **कि "अयं अन्तिमा जाति"** - यो मेरो अन्तिम जन्म हो, **"नत्थिदानि पुनब्भवोति"** - अब मेरो पुनर्जन्म हुँदैन। यस्तो अवस्थामा उनको पुनर्जन्मको कथन बुद्धानुयायी छिमेकीहरूलाई कसरी स्वीकृत र सत्य हुन्छ, आफ्नो यस परम्परागत दृढ मान्यता रहुन्जेल उनीहरू यहाँको यस मान्यतालाई किन मानून् कि कोही बारम्बार जन्म पनि लिन्छ र भवमुक्त पनि छ। कुनै राम्रो भन्दा राम्रो उद्देश्यको लागि भए पनि पुनर्जन्म लिइन्छ भने पुनर्जन्म त पुनर्जन्म नै हो। पुनर्जन्मबाट नितान्त छुटकारा पाइसकेका बुद्धलाई बारम्बार जन्म लिइराख्ने बिष्णु भन्दाखेरि बुद्ध-भक्तहरूको हृदयमा कति असह्य प्रहार गर्दछ, यसलाई बुझ्नुपर्छ। यदि हामी भविष्यमा बुद्धको पुनर्जन्म बारम्बार भैरहन्छ भन्छौं भने हामी बुद्धको उपरोक्त घोषणालाई मिथ्या साबितगर्न चाहन्छौं। यसका साथै भवविमुक्तिप्रदायी उनको शिक्षालाई पनि हामी मिथ्या साबितगर्न चाहन्छौं, जुन तत्कालीन भारतका करोडौं मान्छेहरूलाई दिइयो र जसको माध्यमद्वारा हजारौंको संख्यामा भवमुक्त भएका साधक साधिकाहरूद्वारा हर्ष-उद्‌गार गरिएका हाम्रो अनमोल आध्यात्मिक धरोहरको रूपमा पुरातन पालि साहित्यमा आज पनि उपलब्ध छन्।

२) यो भन्दा पनि नराम्रो कथन जुन कुनै पनि भक्तको हृदयमा बल्छी गाडिए सरह पीडादायक हुन्छ। यो हो कि - बुद्ध बिष्णुको सद्‌गुणको होइन, बरू उनमा भएका दुर्गुणहरूको अवतार थिए - उनी मायामोहको अवतार थिए। उनी यसकारण


Downloaded from http://dhamma.digital/

अवतरित भए कि आफ्ना प्रवंचना भरिएको वाक्चातुर्यद्वारा आसुरीवृत्ति भएका मानिसहरूलाई वैदिक कर्मकाण्डबाट विमुख गराएर उनीहरूको सद्‌गतिको मार्ग बन्द गराइदिने, भनाइको मतलब उनीहरूको अधोगति निश्चित गरिदिने जसले गर्दा बिष्णुभक्त इन्द्र र उनका देवताहरूको स्वर्गको राज्य निष्कंटक र सुरक्षित रहनसकोस् । बुद्ध र उनको शिक्षालाई कलंकित गर्नको लागि यी काल्पनिक झुठा दन्त्यकथाहरूको आधारमा बुद्धलाई बिष्णुको नवौं अवतार सिद्धगर्नु कुनै बुद्धभक्तलाई कसरी स्वीकार्य र सहृदय हुनसक्ला । यसको प्रत्यक्ष प्रमाण केही वर्ष पहिले थाइल्याण्डमा भएको अप्रिय प्रतिक्रिया हो । उनीहरूको रोषको यो भन्दा ठूलो अरू के प्रमाण हुनसक्छ कि तदोपरान्त सोनी टेलिभिजनद्वारा बुद्धको जीवनचर्यामा देखाइने झूठैझूठले भरिएको एपीसोडमा मारद्वारा बुद्धमाता महामायासँग जुन कुटिलताले भरिएको वार्तालाप देखाइयो, त्यसले त्यहाँका मान्छेहरूलाई गहिरो चोट पुऱ्यायो र त्यसको अत्यन्त अप्रिय प्रतिक्रिया स्वरूप बर्माका शीर्षष्थ सैनिक शासकले आफैले सोनीलाई यति खरो धम्कि दिए कि जसले गर्दा उसले यस एपीसोडलाई तुरन्तै बन्दगर्न बाध्य हुनु पऱ्यो । यी सबै घटनाहरूबाट हामीले पाठ सिक्नुपर्छ र बुद्धलाई बिष्णुको अवतार सिद्धगर्ने हठधर्मीतालाई पूरै छोडी दिनुपर्छ, यही बुद्धिमानी हुन्छ । यदि बुद्धलाई बिष्णुको अवतार सिद्धगर्ने कोशिस गर्नुभयो भने जुन जुन छिमेकि बुद्धानुयायीहरूलाई पहिले गहिरो चोट परेको छ, त्यसलाई पुन: कोट्याउने काम मात्र हुन्छ । यस्ता झूठ प्रचारलाई पुन: ब्युंझाएर हामी यी देशहरूसँग आफ्नो सम्बन्ध सुधार्न आशा कसरी गर्नसक्छौं ?


Downloaded from http://dhamma.digital/

३) यो मात्र होइन, जब कुनै बुद्धानुयायीले यो सुन्छ कि यही बिष्णु अगाडी गएर कल्कि रूपमा दशौं पटक अवतरित हुन्छ र त्यस अवतारको एक मात्र लक्ष्य यही हुन्छ कि बौद्धहरूसँग युद्धगर्ने र भारतका मात्र होइन छरछिमेकी देशहरू जस्तो कि चीनसम्मका सारा बौद्धहरूलाई सखापपार्ने । यसका लागि राम-रावण जस्तै घोर युद्ध गरेर अवतारी कल्कि सारा बौद्धहरूको, उनीहरूको नेताको जसलाई जिन (बुद्ध) नाम दिइयो तथा शुद्धोदन र महामाया आदि समेत सबैलाई बध गर्दछ र विजयी हुन्छ । यस्ता बुद्ध र बौद्ध विरोधी पौराणिक साहित्यको आधारमा अवतारवादलाई जगाएर के हामी यो आशा गर्नसक्छौं कि यी छिमेकी बुद्धानुयायी देशहरूसँग हाम्रो मित्रता सप्रियोस् ? राम्रो त यही हुन्थ्यो कि बुद्धलाई बिष्णुको अवतार भन्ने भूठो कुरालाई उठाउँदै नउठाइयोस् । किनभने यसो गर्नु भनेको गाडेको मूर्दालाई निकाल्नु जस्तै हुन्छ । जसबाट ती पुराना चिहानहरूबाट हिन्दू र बौद्धहरूको पुरानो ऐतिहासिक शत्रुताको विषालु सर्पहरू र बिच्छिहरूलाई पुन: आफ्नो टाउको उठाउने मौका मिल्छ । तर दुर्भाग्यवश यो गलत अध्यायलाई खोलिसकिएको छ । अब यसलाई कुन बुद्धिले बन्दगर्ने, यही आफैमा एउटा ठूलो समस्या छ । मलाई यो कुरा थाहा हुँदा बडो अचम्म लाग्यो कि स्वयम् डाक्टर मोदीलाई पनि थाहा थिएन । बुद्धलाई बिष्णुको अवतार बनाउने उद्‌गम-कथा कुन कपोलकल्पित कलुषित विचारबाट दूषित छ । यी कार्यशालाहरूमा यस्तै खाले अरू पनि अनेक ब्यक्तिहरू हुनसक्लान् जसले यो भूठलाई पृष्ठपोषण गर्नेछन् र छिमेकी देशहरूसँगको सम्बन्धमा अरू विष हाल्ने छन् ।


Downloaded from http://dhamma.digital/

**बुद्धको शिक्षाको स्रोत वैदिक भन्नु**

यस्तै एउटा कार्यशालाको पुस्तक मैले पाएँ जसलाई मैले सर सरति पढें । यसबाट अर्को कुरा के पुष्ट भयो भने कार्यशालाका लगभग सबै भारतीय पण्डितहरू यो सिद्धगर्न चाहन्छन् कि बुद्धको शिक्षाको वास्तविक स्रोत वैदिक परम्परा हो । उनीहरूको हुत्तहुती (आग्रह) छ कि बुद्धानुयायीहरूले यसलाई स्वीकार गर्नुपर्छ अनि छिमेकीहरूले यसलाई कसरी स्वीकार्न सक्छन् ? किन स्वीकारून् ? उनीहरू बुद्धको शिक्षालाई एउटा नितान्त स्वतन्त्र श्रमण परम्पराको रूपमा स्वीकार्दछन् । यस्तो अवस्थामा के यस्तो आशागर्नु उचित होला कि, उनीहरू आफ्ना सारा मान्यताहरूलाई त्यागेर यो झूठो कथनलाई स्वीकार गरून् कि आफ्नो तर्फबाट मानिसहरूलाई दिने बुद्धसँग केही थिएन । उनले जे जे दिए त्यो सबै वैदिक परम्पराबाट सापटी लिएर मात्र दिए । जब कि तथ्य यसको ठीक उल्टो छ । वास्तविकता यो हो कि बुद्धले एक अनुत्तर वैज्ञानिकले झैं यो खोज गरे कि "मनुष्य इन्द्रियजन्य विषयहरूसँग सम्पर्कमा आएपछि त्यसलाई राम्रो वा खराब मानेर त्यस प्रति राग वा द्वेष जगाउँदैन" भन्ने मान्यता त्यतिखेर प्रचलित थिए र आज पनि धेरै मानिसहरू त्यही मान्दछन् । बुद्धले त्यस समयको थाहा नभएको यो सच्चाईलाई खोजे कि विषयहरू इन्द्रियहरूको साथ सम्पर्क हुँदा शरीरमा सुखद् वा दुखद् संवेदना हुन्छ । राग वा द्वेष त्यस संवेदना प्रति जागरित हुन्छ । विश्वका यी महान वैज्ञानिक बुद्धले मानव जातिको कल्याणको लागि मन र शरीरको पारस्परिक सम्बन्धको विषयमा यो एउटा ठूलो खोज गरे जसको आशुफलदायी (शुभ) परिणाम त्यतिखेर पनि आए र आज पनि आइरहेका छन् । शारीरिक संवेदनाहरूको माध्यमबाट मानसिक विकार हरूलाई जरैदेखि निकाल्ने यो एक वैज्ञानिक विद्या प्रकाशमा आयो । यस विद्याको बारेमा उनी स्वयं यही भन्दथे कि म भन्दा अगाडी जो


Downloaded from http://dhamma.digital/

जो बुद्धहरू भए उनीहरूले यही विद्यालाई प्रयोग गरेर भवविमुक्ति पाएका थिए। यो पुरातन विद्या जुन संसारबाट लुप्त भइसकेको थियो, बुद्धले यसलाई खोजे र भवविमुक्तिको पुरातन मार्ग पुनः सजिलो बनाए। कुनै पनि बुद्धमार्गी जो यस विद्याको बारेमा थोरै मात्र भए पनि जानकारी राख्दछ, उसले यसलाई कसरी स्वीकारगर्ला कि बुद्धले मानिसहरूलाई आफ्नो तर्फबाट केही पनि दिएनन्, जे जति दिए त्यो वैदिक परम्पराबाट मात्र लिएर दिए। यस विद्याको उपलब्धिमा बुद्धको जुन उद्‌गार निकालिए र जसको ती देशहरूमा दिनहुँ पाठ गरिन्छ, ती **हुन् पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि** ..... पहिले कहिले नसुनेको, यस धर्ममा मेरो अन्तरचक्षु खुल्यो।

जुन धर्म उनले कहिल्यै सुनेकै छैनन्, त्यसलाई उनले वेदबाट प्राप्त गरे, यसलाई कसैले कसरी मान्दछ ? यस सम्बन्धमा ऐतिहासिक सच्चाईलाई भलिभाँति बुझ्ने एउटा अर्को दृश्य हाम्रो सामु छ। सम्य्कसम्बुद्ध प्राप्त गरेर भगवान् बुद्ध आफ्नो प्रथम उपदेश दिनको लागि बोधगयाबाट ऋषिपतन मृगदावन (सारनाथ) तर्फ प्रस्थान गर्दैछन्। बाटोमा आजीवक सम्प्रदायका उपक नामको एक नग्न सन्यासीले उनलाई देख्दछ। बोधिको ओजले दिप्त भगवान्‌को कान्ति र शान्तिपूर्ण रूप देखेर अत्यन्त प्रभावित हुन्छ र भगवान्‌सँग सोध्दछ-

**"को वा ते सत्था ?"** - को हो तिम्रो गुरू ?

**"कस्स वा त्वं धम्मं रोचेसि ?"** तिमीलाई कसको धर्म रूचीकर लाग्दछ ?

यसमा भगवान उत्तर दिनुहुन्छ,

**"विमुत्तो सयं अभिञ्ञाय"** - म स्वयं अभिज्ञान प्राप्त गरेर विमुक्त भएको हुँ।


Downloaded from http://dhamma.digital/

**"न मे आचरियो अत्थि"** - मेरो कोही आचार्य छैन ।

**"एकोम्हि सम्मासम्बुद्धो"**- म एक्लो सम्कयक्सम्बुद्ध हुँ ।

सम्बुद्ध भनेर त्यही कहलिन्छ जो स्वयं स्वयम्भू हुन्छ । विना कुनै गुरू स्वयं परम सत्यको मार्ग खोज्दछ र त्यसले प्राप्त गर्दछ । जुन भवमुक्तिको मार्ग एक सम्यक्सम्बुद्धले खोजेर लोकहितको लागि प्रख्यात बनाउँछ त्यो कालान्तरमा विलुप्त हुनपुग्दछ । जब कुनै अन्य कुनै बोधिसत्त्वले त्यसलाई पुनः खोजेर प्रकाशित गर्दछ तब ऊ सम्यक्सम्बुद्ध कहलिन्छ । अगाडीका सम्यक्सम्बुद्ध काश्यपद्वारा खोजिएको विमुक्तिको मार्ग विलुप्त भइसकेको थियो । त्यसलाई उनी भन्दा पछि उत्पन्न भएका गौतम सम्यक्सम्बुद्धले खोजेर निकाले र सर्बसुलभ बनाए । यस्तो अवस्थामा श्रमण परम्परालाई महापुरूष गौतम बुद्धले वैदिक परम्पराबाट प्राप्तगरे भन्ने जस्तो मिथ्यावचन बोल्दा बुद्धानुयायीहरूलाई असह्य हुनु स्वाभाविक छ । यस्तो नितान्त असत्य कुरो नभनेर यदि यति मात्र भन्ने हो भने कि यी दुबै स्वतन्त्र आध्यात्मिक सनातन परम्पराहरूले समयसमयमा पारस्परिक आदानप्रदानद्वारा एकअर्कालाई प्रभावित गरेका छन्, यो कुरा धेरै थोरै सत्य पनि हुन्छ र सहज स्वीकार्य पनि ।

भारत एक महान देश हो । धेरै पुरातन समयदेखि यस देशमा भिन्न भिन्न मतमतान्तर भिन्नभिन्न आध्यात्मिक परम्पराहरू जन्मने र फस्टाउने काम भइरहेको छ । २६०० वर्ष पहिले यहाँ अनेक परम्पराहरू जनमान्य थिए, जसमा दुई प्रमुख थिए । जुन चिरकालदेखि चल्दै आएका थिए । एउटा थियो श्रमण परम्परा र अर्को ब्राह्मण परम्परा । दुइटै परम्पराको अन्तिम लक्ष्य भव संसरणबाट मुक्त हुनु हो । परन्तु दुबैको कार्यप्रणालीहरू एकदमै फरक छन् । श्रमणपरम्पराले


Downloaded from http://dhamma.digital/

प्रत्येक व्यक्तिलाई आफ्नै श्रमले मुक्तहुने मान्यतालाई प्रधानता दिन्छ। जबकि ब्राह्मण परम्पराले कुनै देवता वा ब्रह्मको प्रार्थना गरेर (मागेर) मुक्ति प्राप्तगर्ने मान्यतालाई महत्त्व दिन्छ। बुद्ध श्रमण संस्कृतिको प्रणेता थिए। घर छोडेर सत्यको खोजीमा बाहिर निक्लंदा आफ्नो राज्यको सीमाको बाहिर पुग्ने बित्तिकै उनले पहिलो काम आफ्नो शीर, दारी र जुँगाको रौंलाई खौरिने र श्रमण भेष धारणगर्ने गरे। त्यतिबेलाको भारतमा श्रमणहरूको यही चिनारी थियो। यसैले गर्दा उहाँ सदा श्रमण गौतम वा महाश्रमणको नामले सम्बोधित भइराख्नुभयो। दुबै परम्पराको एक अर्कामा विरोध अथवा दुश्मनी पनि थियो। यसैले गर्दा एउटा परम्परा मान्नेले अर्कोलाई अपशब्द पनि प्रयोग गर्थे। ब्राह्मणहरू श्रमणहरूलाई **"ये च खो ते, मुण्डका समणका इब्भा कण्हा बन्धुपादापच्चा"** - (यी जुन टाउको मुडेका श्रमणहरू छन्, यिनीहरू इब्भ हुन् अर्थात् नीच हुन्, काला हुन्, ब्राह्मणका खुट्टाबाट उत्पत्ति भएका हुन्) भनेर अपमानित गर्दथे। बुद्धलाई पनि यिनै शब्दहरूले धेरैचोटी अपमानित गरियो। यस्तै प्रकारले श्रमणहरू ब्राह्मणहरूलाई-**"अन्तोजटा बहिजटा"** तथा **"जटिल"** भनेर आरोप लगाउँथे। बुद्ध श्रमण परम्पराका अगुवा हुँदाहुँदै पनि यी पारस्परिक विद्वेषलाई हटाउन आजीवन प्रयत्नशील रहे। यसैले गर्दा उनले बाहिरी प्रदर्शनलाई महत्त्व नदिएर श्रामण्य र ब्राह्मण्यको एउटै व्याख्या गरे र त्यो थियो चित्तको नितान्त निर्मलता। यसप्रकार उनले यो सिद्ध गरे कि दुबैको लक्ष्य एउटै हो। परन्तु बाटोहरू त फरक थिए नै। श्रमण संस्कृतिका महानायक बुद्धले श्रमण संस्कृतिको अनुकूल कहिल्यै आफूलाई मोक्षदाता भएको दावी गरेनन्, बरू स्पष्ट शब्दमा भने कि केवल उनी मात्र होइन भूतकालका जतिपनि तथागत भएका छन्, उनीहरूले मात्र मार्ग आख्यात (देखाउने)


Downloaded from http://dhamma.digital/

गरेका छन् । यसर्थ उनीहरू मात्र मार्गदाता हुन्, मुक्तिदाता होइनन् । मुक्तिको लागि प्रत्येक व्यक्तिले परिश्रम पुरूषार्थ स्वयं नै गर्नुपर्दछ - **"तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता"** । कोहि व्यक्ति कसैको कृपाले मुक्तहुन सक्दैन । कसैको कृपा केवल यति हुन सक्छ कि जो स्वयं मुक्तिको मार्गमा हिंड्न शुरू गरेको छ, उसलाई मार्ग निर्देशन गरिदिने । जबकि ब्राह्मणी परम्परामा जसलाई म याचक (मगन्ते) परम्परा भन्न अधिक उचित ठान्छु । कसैसँग प्रार्थना गरेर उसको कृपाद्वारा मुक्ति पाउनसक्ने दृढ मान्यता छ ।

हामीले यी दुबै मध्ये कुनै एउटालाई राम्रो र अर्कोलाई खराब भन्नुपर्ने आवश्यकता छैन । तैपनि दुबैको स्वतन्त्र अस्तित्वलाई त स्वीकार्नै पर्छ । दुबैका आ-आफ्ना स्वतन्त्र परम्परालाई अस्वीकार गर्दैमा उनीहरूको ऐतिहासिक यथार्थतालाई भुल्न सक्दैन । छिमेकी देशहरूसँग सम्बन्ध सुधार्नको लागि हामीले उनीहरूको श्रमण परम्पराको मान्यतालाई धेरै नभए पनि त्यति महत्त्व त दिनै पर्छ, जति याचना परम्परालाई दिइन्छ । यो आशागर्नु एकदमै गलत हो कि श्रमण परम्पराका ती अनुयायीहरू वेदको याचन परम्परालाई स्वीकारेर त्यससँग मिसिन आउँछन् । दुबै परम्पराहरू भारतका धरोहरहरू हुन् । दुबैलाई समान महत्त्व दिनाले कहिंपनि विग्रह विरोधको अवसर आउँदैन । यसको विपरित बुद्धको शिक्षा वैदिक परम्पराको उपज हो भन्ने भनाई विग्रह विरोधको कारण मात्र बन्नजान्छ । मलाई लाग्छ यदि बुद्धानुयायी देशहरूलाई मित्रताको स्नेह सूत्रमा बाध्नु छ भने उनीहरूको मान्यतालाई तल्लो तहको सावित गरेर उनीहरूलाई आफुतर्फ तान्ने आशागर्नु व्यर्थ छ । यसले गर्दा मलाई के लाग्छ भने राम्रो परिणाम पाउनको लागि यी कार्यशालाहरूको मूल आधारलाई बदल्नुपर्छ । राम्रो यसैमा हुन्छ कि भारतको वैदिक र श्रमण दुबै परम्परालाई समान महत्त्व


Downloaded from http://dhamma.digital/

दिएर छिमेकीसँग घाँटी जोड्ने सद्प्रयास गरौं । यही नै कल्याणकारी सावित हुन्छ । कसैलाई आफूभन्दा तल्लो दर्जाको सावित गरेर उसलाई आफ्नो साथी बनाउन चाहने यो व्यावहारिक नीति हुँदैन ।

आज कोहि विदेशीले शिष्टतावश अथवा पुरा कुरा नबुझेर यी कार्यशालाहरूमा सम्मिलित भएर यस्तो विचारधाराको विरोध नगरे पनि भविष्यमा जब उनीहरूलाई वास्तविक कुरा थाहा हुन्छ, उनीहरू आफूलाई धोखा दिएको ठान्ने छन् अनि त्यही ब्यक्ति घोर विरोधी हुन पुग्छ । यी सम्मेलनहरूमा भाग नलिनेहरू पनि यस्तो कुरा सुनेर विरोधी नै बन्नपुग्छन् । यसर्थ यी कार्यशालाहरूको दूरगामी परिणाम राम्रो हुँदैन । यो कुरा म स्पष्ट देख्छु । जब सम्म यी कार्यशालाहरूको लागि सच्चाईलाई मानसिकताको आधार बनाइँदैन त्यतिखेरसम्म परिणाम उल्टै आइरहन्छ ।

**भारतीय बौद्धहरूलाई साथ लिनु आवश्यक छ ।**

भारतमा यति ठूलो संख्यामा जो मानिसहरू आफैलाई बौद्ध भन्न थाले यदि उनीहरूसित बिग्रदै गएको सम्बन्ध त सप्रिदैन भने छिमेकी देशहरूले यस्तो स्थितिमा यी कार्यशालाहरूको असल भावनालाई स्वीकार गर्लान् धेरै आशागर्न सकिदैन । प्रश्न केवल छिमेकी देशहरूलाई सन्तुष्ट प्रसन्नगर्ने मात्र होइन बरू आफ्नो देशको एकता र रहलपहल अखण्डतालाई कायमै राख्ने पनि हो । यो अवस्था ठूलो सानो भन्ने घोर अमानवीय सामाजिक स्थितिको विरुद्ध गरिएको विद्रोहको नै परिणाम हो । समाजको एक अंगलाई अछुत भनेर उनीहरूमाथी शताब्दियौं देखि जुन अमानवीय अत्याचार हुँदै आएको छ । त्यसलाई अस्वीकारगर्न सकिदैन । जन्मको आधारमा वर्णको ब्यवस्था र त्यसैबाट फरकफरक ठूला साना भनिने अनेकौं जातीहरूको उपज राष्ट्रको


Downloaded from http://dhamma.digital/

अखण्डताको लागि स्पष्टरूपमा घातक सिद्धभएको छ र भविष्यमा अरू धेरै घातक नै सिद्धहुने छ। यसलाई कुनैपनि समभ्रदार व्यक्तिले देखेको नदेखेझैं गर्नसक्दैन, म डा.मोदीबाट यो थाहा पाएर प्रसन्न छु कि काँचीका श्रद्धेय शंकराचार्यजी यस दिशामा गम्भीर चिन्तन गर्नुहुन्छ र राम्रोसँग बुझ्नुहुन्छ कि यो ऊँच नीच भन्ने जातीजन्य भेद मेटिनै पर्छ। यो कार्यशालाले यस दिशामा धेरै महत्त्वपूर्ण कार्यगर्न सक्छ।

मलाई पनि काँचीका श्रद्धेय शंकराचार्यको बारेमा जहाँजहाँबाट जे जे सूचनाहरू प्राप्त भएका छन्, ती सुखद् नै छन्, मैले यति सुनेको छु कि उहाँ अत्यन्त उदारवादी हुनुहुन्छ, समभ्रदार हुनुहुन्छ, दूरदर्शी हुनुहुन्छ। उहाँमा कट्टरताको नामोनिशान छैन। भारतको एकता र अखण्डतालाई जोगाई राख्ने कुराको पक्षधर हुनुहुन्छ। उहाँसँग कुराकानी गर्ने एउटै उद्देश्य छ कि के उहाँ पुराणको यस भूमिकालाई जान्दाजान्दै पनि अवतारको मुद्दालाई पुनः उठाउन चाहनुहुन्छ वा डा. मोदीका साथीहरूले म रंगूनहुँदा दिएको आश्वासन झैं जस्तो शंकराचार्यजी बर्माको बाटो पैदल यात्रा गर्दै थाइल्याण्ड जानुहुनेछ, उहाँ बर्माको एक वा दुइ दिने सम्मेलनमा पुराना कुराहरू भूल्ने आग्रह गर्नुहुनेछ र भूतकालमा जे जे भयो, त्यसको लागि प्रायश्चित गर्नुहुनेछ। मलाई भारतको वस्तुस्थिति हेर्दा यो कुरामा विश्वास लागिरहेको थिएन, तैपनि ती दुबै बन्धुहरूले बर्माका धर्म मन्त्रालयका भूतपूर्व उपमन्त्री र वर्तमान बुद्धानुयायीहरूको संघको सभापति मेजर चिं ञ्यूँको समक्ष यो आश्वासन दृढतापूर्वक दोहऱ्याएर तर अन्तमा यस्तो केही हुन सकेन। मलाई फेरी यो कुराको विश्वास हुँदैन कि धेरै नै उदार हुँदाहुँदै पनि काँचीको श्रद्धेय शंकराचार्यजीले यस दिशामा केही गर्नुसक्नुहोला, जस्ले गर्दा साँच्चिकै छिमेकी देशहरूका मानिस-हरूको जलेको हृदयमा शीतल मैत्रीको वर्षा होस् र उनीहरू साँच्चिकै


Downloaded from http://dhamma.digital/

भित्री हृदयदेखि नै भारतको साथ होऊन् । यदि यस्तो भयो भने देशले साँच्चिकै सौभाग्य प्राप्त गर्नेछ । जन्मको आधारमा मानिदै आएको वर्णव्यवस्था यति धेरै जातिहरू र उपजातिहरूमा बाँडिएर देशको एकताको लागि एक ठूलो खतरा बनिसकेको छ । के यसलाई हटाउनका लागि कुनै ठोस कदम उठाउन सकिन्छ ? म श्रद्धेय शंकराचार्यसँग आफै भेटेर यी दुबै समस्याको बारेमा वहाँको विचार जान्न चाहन्छु । ताकि म निर्णय गर्नसकुँ यस्ता कुनै कार्यशालामा मैले भाग लिनुपर्छ कि पर्दैन, जसको सुपरिणाम आउने कुरामा मलाई त्यतिखेर सम्म गहिरो संदेह रहने छ, जब सम्म मित्रताको लक्ष्यसम्म पुग्ने साधन बदलिदैन । यदि यसलाई बदल्न कथिन हुन्छ भने म आफूलाई यस्ता कुनै कार्यशालाहरूबाट टाढा राख्नुपर्ने नै उचित सम्झन्छु । कुनै पनि किसिमको विवादमा पर्नु मेरो लागि न श्रेयस हुन्छ, न प्रेयस हुन्छ, न त मेरो स्वभाव अनुकूल नै हुन्छ । म आफ्नो सामर्थ्य शक्ति अनुसार जुन काम गरिराखेको छु र जसबाट मलाई यो विश्वास छ कि भारतको अखण्डतालाई ठूलो बल पुग्ने छ, उसको गौरव - गरिमा सारा विश्वमा पुनर्स्थापित हुने छ । त्यसै क्षेत्रमा म आफ्नो सबै ऊर्जा र शक्ति लगाई राखुं, यहि उचित हो । उपरोक्त समस्या नै मेरो लागि प्रमुख कारणहरू थिए, जसको लागि म श्रद्धेय शंकराचार्यसँग आफै भेटेर विचार विमर्श गर्न चाहन्थें । परन्तु म यो विलकुल चाहन्न कि हाम्रो पारस्परिक ऐतिहासिक वार्ता सफलदायी नहोस् । यसै कारण भेट्नुभन्दा पहिले वहाँको विचारबारे अवगत हुन चाहन्छु । मेरो सदैव यहि हार्दिक कामना रहिआएको छ कि विश्वका सबै धार्मिक परम्पराहरू एक अर्काप्रति स्नेहभाव राखुन् । पारस्परिक मतभेदका कुनैपनि मुद्दाहरूलाई महत्त्व नदिई शील, सदाचार, संयम, चित्तको निर्मलता र तज्जन्य मैत्री करूणा तथा सद्भावनालाई नै महत्त्व


Downloaded from http://dhamma.digital/

दिऊन् । भगवान बुद्धको श्रमण परम्परा र वैदिक परम्पराले पनि यसै मूल आधारलाई महत्त्व दिएर पारस्परिक सहयोग बढाऊन् । यस्तो भयो भने लुम्बिनीमा हुने कार्यशाला अवश्य सफल हुने छ । पवित्र हिमालयको आँगनमा बोधिसत्त्व शाक्य कुमार सिद्धार्थ गौतमलाई जन्म दिने पुण्य नेपालभूमि पनि गौरवान्वित हुने छिन् तथा शाक्यमुनिलाई जहाँ सम्यक्सम्बोधि प्राप्त भयो त्यो पुण्य भारतभूमि पनि गौरवान्वित हुनेछिन् । शताब्दियौं देखि स्नेह सम्बन्धराख्ने यी छिमेकी देशहरूको साथसाथै सारा विश्वको कल्याण हुनेछ ।

-कल्याणमित्र सत्यनारायण गोयन्का

Dhamma.Digital


Downloaded from http://dhamma.digital/

# केहि पौराणिक उद्धरण :

## बिष्णुको अवतार बुद्ध

अवतारवादको मान्यताको प्रचलन भलै केहि पहिले देखि भएको होस्, परन्तु बुद्धलाई बिष्णुको अवतार भनेर स्थापित गर्ने कथाहरूको उद्‌गम बिष्णु पुराणबाटै भए जस्तै लाग्छ । कथाको संरचना यस प्रकार भयो - देवताहरू र दैत्यहरूको लामो संग्राममा देउताहरू पराजित भए । त्यसपछि देउताहरू भगवान् बिष्णु भएको ठाउँमा गए । आफ्नो कथिनाइहरू उनको सामुन्ने प्रकट गर्नुभन्दा पहिल्यै उनका गुणहरूको प्रशंसा गर्दै उनको स्तुति गरे । यस उपक्रममा उनीहरूले बिष्णुका दुर्गुणहरूको पनि वर्णन गर्दै उनको स्तुति गरे । उदाहरण स्वरूप उनीहरूले भने- जो क्षमाहिनताको आधार छन्, अत्यन्त क्रुर छन् र भोगलिप्त छन्, तपाईको त्यो दुई जिब्रो भएको नागको स्वरूपलाई हामी नमस्कार गर्दछौं र यो पनि भने हामी तपाईको तमो गुणी पशुरूपलाई प्रणाम गर्छौं र यो पनि भने,

**दंभप्रायम् असंबोधि, तितिक्षा दमवर्जितम् ।**
**यद् रूपे तव गोविन्द, तस्मै दैत्यात्मने नमः ॥**

- हे गोविन्द, तपाईँको जुन दम्भी स्वरूप छ, संबोधिविहीन स्वरूप छ, सहिष्णुताविहीन, संयमविहीन दैत्य स्वरूप छ, त्यसलाई हामी प्रणाम गर्दछौं । र फेरि

**क्रौर्म मायामयं घोरं । यच्चरूपं तवासितम् ।**
**निशाचरात्मने तस्मै, नमस्ते पुरुषोत्तम ॥**


Downloaded from http://dhamma.digital/

- हे पुरुषोत्तम, तपाइँको जुन क्रूरतापूर्ण, भयंकर मायामय र तमोमय रूप छ, त्यसलाई हामी नमस्कार गर्छौं। यस स्तुतिबाट प्रसन्न भएर भगवान् बिष्णु प्रकट हुँदा देवताहरूले उनको सामुन्ने आफ्ना दुःखहरू राखे-

**स्ववर्ण धर्माभिरता, वेदमार्गानुसारिणः ।**
**नशक्यास्तेभ्यो, हंतुमस्माभिस्तपसावृताः ॥**

- यी जो हाम्रा (दानव) शत्रुहरू छन्, ती वेदमार्गका अनुसरण गर्नेहरू हुन्, वर्ण धर्मका पालन गर्नेहरू हुन्, तपोनिष्ट छन् यसकारण हामी यिनीहरूलाई वध गर्न असमर्थ छौं।

**इत्युक्तो भगवांस्तेभ्यो, मायामोह शरीरतः ।**
**समुत्पाय ददौ बिष्णु, प्राह चेदं सुरोत्तमान् ॥**

उनीहरूको प्रार्थना सुनेर भगवान् बिष्णुले आफ्नो शरीरबाट मायामोहको उत्पत्ति गरेर त्यसलाई देवतालाई दिँदै भने,

**मायामोहो खिलान्दैत्यास्तान्वोहयिस्यति ।**
**ततो वध्या भविष्यन्ति, वेदमार्गबहिष्कृता ॥**

यो मायामोहले सबै दैत्यहरूलाई मोहित गरिदिन्छ, अनि उनीहरूले वेदमार्गलाई त्यागि दिन्छन्, जसले गर्दा तिमीहरू उनीहरूलाई वधगर्न समर्थ हुनेछौ।

**तद्गच्छत न भीः कार्या, मायामोहोयमग्रतः ।**
**गच्छन्तद्योपकाराय, भवतां भविता सुराः ।**

यसकारण हे देवताहरू हो, अब तिमीहरू जाओ, भयबाटमुक्त होऊ। यो मायामोह त्यहाँ गएर तिम्रो लागि उपयोगी हुनेछ र फेरि मायामोहले आफ्नो कामगर्न शुरू गऱ्यो।


Downloaded from http://dhamma.digital/

**नाना प्रकार बचनं स, तेषां युक्तियोजितं ।**
**या तथा त्रयीधर्म, तस्य जुस्ते यथा यथा ॥**

अनेक प्रकारका युक्तिपूर्ण बचनहरूमा फँसाएर मायामोहले असुर हरूको त्रयी (वैदिक) धर्मलाई छुटाई दियो ।

**मायामोहेन ते दैत्या, प्रकारैर्बहुभिस्तथा ।**
**व्युत्थापिता यथानैषा, त्रयी कश्चिद्रोचयत् ॥**

अनेक जुक्तिहरू निकालेर मायामोहले दैत्यहरूलाई स्वधर्मबाट बिचलित गरिदियो, जसले गर्दा त्रयीधर्ममा उनको रत्तिभर पनि रुचि रहेन ।

यी पौराणिक कथाहरूको अन्त जुन एक अर्का कथासँग पनि जोडिएको छ, त्यो देशको लागि झन दुर्भाग्यपूर्ण सावित भएको छ । यस कथा अनुसार जो जो यस प्रकार मायामोहको फेरोमा बेरिएर वेद मार्गबाट च्यूत भए, उनीहरूसँग बातचित गर्नाले, उनीहरूसँगै भोजन गर्नाले, उनीहरूसँग उठबस गर्नाले, उनीहरूलाई स्पर्श गर्नाले र यहाँसम्म कि उनीहरूलाई हेर्नाले व्यक्ति घोर पापको भागी हुन्छ र उसले अनेक जन्मसम्म अधोगति प्राप्त गर्दछ । देशमा यो अछुत प्रथा आरम्भ हुनु कतिको घाटक सिद्ध भयो, यो प्रष्टै छ ।

भगवान् बिष्णुको मनको मैलो स्वरूप मायामोहको बुद्धावतारको यो कथा अन्य पुराणहरूमा पनि दोहराइराखियो । जसले गर्दा जनतामा बुद्ध र उनको शिक्षाप्रति हीन भावना बलवान् हुँदै जाओस् ।

अग्निमहापुराणम्

**वक्षे बुद्धवतारं च, पठतः शृण्वतोर्थदम् ।**
**पुरा देवासुरा युद्धे, दैत्यैर्देवाः पराजिताः ॥**

-अब म बुद्धावतारको वर्णन गर्दछु, जसलाई पढ्ने र सुन्नेको मनोरथ


Downloaded from http://dhamma.digital/

सिद्ध हुनेछ । परापूर्वकालमा सुर र असुरहरूको बीचमा युद्ध भयो, जसमा दैत्यहरूले देवताहरूलाई हराए ।

**मायामोहस्वरूपोसौ, शुद्धोदनसुतोभवत् ॥**

-भगवान मायामोह रूपमा आएर शुद्धोदनका पुत्र भए ।

मत्स्यमहापुराणम्:-

**कर्तुंधर्मव्यवस्थानमसुराणां प्रणाशनम् ।**
**बुद्धो नवमको जज्ञे तपसा पुष्करेक्षणः ।**
**देवसुन्दररूपेण द्वैपायनपुरः सरः ॥२४७॥**

-धर्मको ब्यबस्थापन तथा असुरहरूको संहारको लागि नवौं अवतार कमलनयन, देवसुन्दर बुद्धको जन्म भयो ।

पद्मममहापुराणम्:-

**समुत्पाद्यददौतस्यप्राहचेदंवृहस्पतिम् ।**
**मायामोहयमखिलांस्तान्दैत्यान्मोहयिष्यति ॥**

-बृहस्पतिले यो भनेका छन् कि मायामोहले सारा दैत्यहरूलाई मोहित गर्ने छ ।

**भवतासंहितः सर्वान्वेदमार्गबहिष्कृतान् ।**

- सबै दैत्यहरू वेदमार्गदेखि बहिष्कृत हुनेछन् ।

श्रीमद्‌भागवतमहापुराणम् (गीताप्रेस, गोरखपुर)

प्रथमखण्ड, प्रथमस्कन्धे, अध्यायं-३, पृ-५६

**ततः कलौ सम्प्रवृत्ते सम्मोहाय सुरद्विषाम् ।**
**बुद्धो नाम्नाजनसुतः कीकटेषु भविष्यति ॥२४॥**

- त्यसपछि कलियुग आइसकेपछि मगध देश (विहार) मा देवताहरूको


Downloaded from http://dhamma.digital/

दुश्मन दैत्यहरूलाई मोहित गर्नका लागि अजनको पुत्र रूपमा तपाईंको बुद्धवतार हुन्छ ।

द्वितीयखण्ड, दशमस्कंधे, अध्याय-४०, पृ-३७६

**नमो बुद्धाय शुद्धाय दैत्यदानवमोहिने ।**

दैत्य र दानवहरूलाई मोहित गर्नको लागि तपाइँ शुद्ध अहिंसा मार्गको प्रवर्तक बुद्धको रूप ग्रहण गर्नु हुनेछ । म तपाईंलाई नमस्कार गर्दछु ।

**पुराणमा बुद्धलाई अवतार भन्ने सम्बन्धी केही अरू उद्धरण ।**

हिन्दू धर्मग्रन्थ भनिने पुराणमा बुद्धलाई असुर (राक्षस) भनिएको छ । भविष्य पुराणमा भनिएको छ ।

**बलिना प्रेषितो भौम, मयः प्राप्तो महासुर : ।**
**शाक्यसिंह गुरुर्गेयो, बहुमाया प्रवर्तकः ॥३०॥**
**स नाम्ना गौतमाचार्या, दैत्य पक्ष विवर्धकः ।**
**एव तीर्थेषु तेनेव यंत्राणि स्थापितानि वै ॥३१॥**
**तेषामधोगता ये तु, बौद्धाश्चासंसमन्ततः ।**
**शिखा सूत्र विहीनाश्च, वभूवूर्वर्णसंकरा ॥३२॥**
**दश कोट्य स्मृता आर्या, बूभबुर्बौद्ध मार्गिणः ॥३३॥**

(भविष्यपुराण, प्रतिसर्ग पर्व ४, अं २०)

भावार्थ- बलिले पृथ्वीमा एउटा ठूलो माया प्रवर्तक महान असुरलाई पठाए, जो शाक्यसिंहको नामले प्रख्यात भयो, उसलाई गौतम आचार्य पनि भन्दथे । ऊ दैत्यहरूको पक्षलाई पढाउने खालको थियो । उसले सबै तीर्थहरूमा आफ्नो संस्था स्थापित गऱ्यो । जो जो मान्छेहरू उसका मतानुयायी बौद्धहरूभए तिनीहरू टुप्पी तथा जनै रहित नीच गति पाएर वर्णशंकर भए । दश करोड आर्यहरू बौद्ध मार्गका अनुगामी भए ।


Downloaded from http://dhamma.digital/

बाल्मिकि रामायणमा भनिएको छ-

**यथा हि चोरः स तथा हि बुद्धस्तथागतं नास्तिकमत्र विद्धि ।**

**तस्माद्धि यः शक्यतमः प्रजानां स नास्तिके नाभिमुखा बुधः स्यात ॥**

(वाल्मीकि रामायण, (गीताप्रेस, गोरखपुर, अयोध्याकांड, सर्व १०९, श्लोक ३४)

जसरी चोर (डाका) दण्डनीय हुन्छ, त्यसैप्रकार वेद विरोधी बुद्ध बौद्ध मतावलम्बिहरू पनि दण्डनीय हुन्छन्, तथागत नास्तिक विशेष र नास्तिक (चार्वाक) लाई पनि यहाँ यसै वर्गमा रहेको ठान्नुपर्ने हुन्छ । यसैले गर्दा प्रजामा अनुग्रह (कृपा) गर्नका लागि राजाद्वारा जुनजुन नास्तिकलाई दण्ड दिन सकिन्छ, उसलाई त चोरलाई जस्तै दण्ड दिनुपर्छ । यसबाहेक जो बस् काबुभन्दा बाहिर छन् ती नास्तिकहरूप्रति विद्वान ब्राह्मणहरू कहिल्यै उन्मुख नहोऊन्, उनीहरूसँग वार्तालाप नगरून् ।

कल्कीमहापुराणमा भनिएको छ ।

कल्कीमहापुराणका उद्धरणहरू -

द्वितीयांश, षष्ठो अध्याय :-

विष्णुको अवतार कल्की जुन जुन नगरहरूमा आक्रमण गर्दछन्, ती किकटपुरहरूको बारेमा भनिएको छ

**बुद्धालयं सुविपुलं वेदधर्म्मबहिष्कृतम् ।..॥४१॥**

यो अत्यन्त विस्तृत नगर हो बौद्धहरूको प्रधान आलय हो । यस देशमा वैदिक धर्मको वहिष्कार गरिन्छ ।

**श्रृत्वा जिनो निजगणैः कल्केरागमतं क्रुधा ।**

**अक्षौहिणीभ्यां सहितः संबभूव पुराद्बिहिः ॥४४॥**



Downloaded from http://dhamma.digital/

-जिन (बुद्धको एक नाम) ले जब सुन्यो कि कल्की आफ्नो गणको साथ युद्ध गर्न आउँदैछ, ऊ दुई अक्षौहिणी सेना सहित नगरदेखि बाहिर निस्कियो ।

द्वितीयांश, सप्तमो अध्याय :-

युद्धभूमिमा कल्की बौद्धहरूलाई चुनौति दिन्छ -

**रे बौद्धा, मा पलायध्वं निवर्त्तध्वं रणङ्गणे ।...॥३॥**

ओ बौद्धगणा, तिमीहरू रणभूमिबाट नभाग, फर्क, युद्ध गर ।

घोर युद्धमा जिन मारियो । त्यसपछि,

**जिनं निपतितं दृष्टवा बौद्धा हाहेति चुकुशुः।**
**कल्केः सेनागणा विप्रा जहषुर्निहतारयः ॥२६॥**

जिन मरेको देखेर बौद्धहरूको सेनामा हाहाकार मच्चियो । हे ब्राम्हणहरू, शत्रु मरेपछि कल्कीजीको सेनामा हर्षको सिमा रहेन ।

तत्पश्चात्

**स तु शुद्धोदनस्तेन युयुधे भीमविक्रमः ।...॥३१॥**

भीमविक्रम शुद्धोदनले पनि उनीसँग युद्धगर्न शुरू गरे ।

उसलाई साथ दिन महामाया पनि आइन् ।

तर यी दुबैजना पनि नष्ट भै सकेपछि

**निरीक्ष्य कल्किं ते बौद्धास्त्रसुधर्ममनिन्दका ॥५०॥**

धर्मको निन्दा गर्ने बौद्धहरू भयले व्याकुल भए ।

तृतीयांशः, प्रथमोअध्यायः-

**दत्वा मोक्षं म्लेच्छबौद्धप्रियाणां कृत्वा युद्धं भैरवं भीमकर्म्मा ।**
**हत्वा बौद्धान् म्लेच्छसंघाश्च कल्किस्तेषां ज्योतिः स्थानमापूर्य्य रेजे ॥४३॥**


Downloaded from http://dhamma.digital/

यसप्रकारका भयंकार कर्म गर्ने कल्कीजीले भयंकर युद्ध गरेर बौद्धहरू र म्लेच्छहरूको संघको नाश गरे। फेरी उनले तिनीहरूको स्त्रीहरूलाई मुक्तिपद दिएर मृतक भएका यी म्लेच्छ तथा बौद्धहरूलाई ज्योतिर्मय ठाउँमा पठाएर शोभायमान हुनलागे।

**ये शृण्वन्ति वदन्ति बौद्धनिधनं म्लेचछक्षयं,**
**सादराल्लोकाः शोकहरं सदा शुभकरं भक्तिप्रदं माधवे।**
**तेषामेव पुनर्न जन्ममरणं सर्वार्थसम्पत्करं।**
**मायामोहविनाशनं प्रतिदिनं संसारतापिच्छदम् ॥४४॥**

म्लेच्छहरूको यो क्षय र बौद्धहरूको नाश जो मान्छेहरू आदर पूर्वक भन्छन् वा सुन्छन् उनीहरूको शोक हराउँछ। माधवकाप्रति उनीहरूको भक्ति उत्पन्न हुन्छन्। यसले गर्दा उनीहरूको न जन्म हुन्छ, न मृत्यु हुन्छ। यस वृतान्तलाई श्रवण गर्नाले समस्त सम्पत्ति प्राप्त हुन्छ, मायामोह हट्छ र फेरि संसारको ताप सहनु पर्दैन।

तृतीयांशः एकिवंशो अध्याय :-

**ये भक्त्यात्र पुराणसारममलं श्रीविष्णुभावाप्लुतं**
**शृण्वन्तीह वदन्ति साधुसदसि क्षेत्रे सुतीर्थाश्रमे।**
**दत्वागां तुरगं गजं गजवरं स्वर्ण द्विजायादरात्।**
**वस्त्रालङ्कारणैः प्रपूज्य विधिवन्मुक्तास्तु एवोत्तमा ः॥३१॥**

जो मानिसहरू साधु समाजमा, पुण्य क्षेत्रमा, पुण्य तीर्थहरूमा र महर्षि आदिका आश्रममा वस्त्राभूषण आदिले ब्राह्मणहरूको पूजा गरेर आदर सहित गाई, घोडा, हात्ती, सुवर्ण आदि (उनीहरूलाई) दिएर भक्तिका साथ बिष्णुभावपूर्ण, सबै पुराणहरूको सार यस शुद्ध कल्कि पुराणको किर्तन अथवा श्रवण गर्छन् ती श्रेष्ठ व्यक्तिहरूको मुक्ति निश्चित छ, यसमा संदेह छैन।


Downloaded from http://dhamma.digital/

यस्ता फलश्रुतिहरूको कारणले यी मनगढन्ते पौराणिक कथाहरूको देशमा ब्यापक प्रचार भएको हुनुपर्छ र बुद्ध र उनको शिक्षाको घोर अवमूल्यन भएको हुनुपर्दछ।

# प्रेस विज्ञप्ति

स्थल: महाबोधि कार्यालय, सारनाथ (वाराणसी) उत्तर प्रदेश

दिउँसो-३:३० बजे, मिति - १२.११.१९९९

जगद्‌गुरू काँची कामकोटीपीठका श्रद्धेय शंकराचार्य श्री जयन्द्रसरस्वतीजी र विपश्यनाचार्य गुरूजी श्री सत्यनारायण गोयन्काजीको सौहार्दपूर्ण वार्तालापको संयुक्त विज्ञप्ति प्रकाशित गरिदैछ। दुबै यस कुरामा सहमत छौं र चाहन्छौं कि दुबै प्राचीन परम्पराहरूमा अत्यन्त स्नेहपूर्वक वातावरण स्थापित रहोस। यस बारेमा जुन छिमेकि देशहरूका बन्धुहरूमा कुनै कारणले कुनै प्रकारको भ्रम उत्पन्न हुन गएको भए, त्यसको चाँडो भन्दा चाँडो निराकरण होस्। यस सम्बन्धमा निम्न कुराहरूमा सहमति भयो :-

१) जुनसुकै कारणले होस् पूर्वकालमा पारस्परिक मतभेदहरूलाई लिएर जुन साहित्य निर्माण भयो, जसमा भगवान् बुद्धलाई बिष्णुको अवतार भनेर जे जे लेखियो, ती कुराहरू छिमेकी देशहरूका बन्धुहरूलाई अप्रिय लाग्यो, यसलाई हामी बुझ्छौं। यसैले दुबै समुदायहरूको पारस्परिक संम्बन्धलाई पुन: स्नेहपूर्वक बनाउन हामी निर्णय गर्छौं कि विगतमा जे भयो, त्यसलाई भुलेर अब हामीले यसप्रकारको कुनै मान्यतालाई हुर्काउने गर्नुहुँदैन।

२) छिमेकी देशहरूमा यो भ्रम पर्नगयो भारतको हिन्दू समूदाय बुद्धानुयायीहरूमा आफ्नो वर्चस्व स्थापित गर्नको लागि यी


Downloaded from http://dhamma.digital/

कार्यशालाहरूको आयोजना गरिरहेछ। यो कुरा उनीहरूको मनबाट सधैंको लागि निक्लियोस् भन्नको लागि यो प्रज्ञापित गर्छौंकि वैदिक र बुद्ध श्रमणको परम्परा भारतको अत्यन्त प्राचीन मानी आएका परम्पराहरू हुन् । दुबैको आ-आफ्नो गौरवपूर्ण स्वतन्त्र अस्तित्व छ । कुनै एक परम्पराद्वारा आफूले आफैलाई ठूलो र अर्कालाई तुच्छ देखाउने काम परस्पर द्वेष, वैमनस्य बढाउने कारण मात्र बन्दछ। यसैले भविष्यमा कहिल्यै यस्तो नहोस्। दुबै परम्पराहरूलाई समान आदर र गौरबको भाव दिइयोस् ।

३) सत्कर्मद्वारा कुनै पनि व्यक्ति समाजमा उच्च स्थान प्राप्तगर्न सक्छ र दुष्कर्मद्वारा पतीत हुन्छ। यसैले गर्दा हरेक व्यक्ति सत्कर्म गरेर साथै काम, क्रोध, मद, मोह, लोभ, मात्सर्य, अहंकार इत्यादि अशुभ दुर्गुणहरूलाई निकालेर आफूलाई समाजमा उच्च स्थानमा स्थापित गरेर सुख शान्तिको अनुभव गर्नसक्छ उपर्युक्त तीनै कुराहरूमा हामी दुबैको पूर्ण सहमति छ, साथै हामी चाहन्छौं कि भारतका सबै समुदायका मानिसहरू पारस्परिक मैत्रीभाव राखून्। साथै छिमेकि देशहरू पनि भारतको साथ पूर्ण मैत्रीभाव राखून् ।


Downloaded from http://dhamma.digital/